आज मिति २०७३ साल वैशाख ०६ गते शुक्रवारका दिन यस मुसीकोट नगर कार्यपालिकाका प्रमुख देवीलाल गौतम ज्युको अध्यक्षतामा वैठक बसी तपशिलका प्रस्तावहरु उपर ब्यापक छलफल गरि निम्न निर्णयहरु पारित गरियो ।

**तपशिल**

| क्र. स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | देवीलाल गौतम | नगर प्रमुख | |
| २. | प्रेमकुमारी सुनार | उप-प्रमुख | |
| ३. | बिरबल केसी | कार्यपालिका सदस्य | |
| ४. | काशीराम खड्का | ,, ,, | |
| ५. | भिमबहादुर खड्का | ,, ,, | |
| ६. | निर्मलकुमार पुन | ,, ,, | |
| ७. | शुसिल गौतम | ,, ,, | |
| ८. | बसन्त गौतम | ,, ,, | |
| ९. | हिमबहादुर पाण्डे | ,, ,, | |
| १०. | बद्धिप्रसाद बुढा | ,, ,, | |
| ११. | नबिन ओली | ,, ,, | |
| १२. | गोपेश्वर केसी | ,, ,, | |
| १३. | पदमबहादुर पुन | ,, ,, | |
| १४. | प्रेमबहादुर ओली | ,, ,, | |
| १५. | दिपक केसी | ,, ,, | |
| १६. | भिमबहादुर बिष्ट- | ,, ,, | |
| १७. | धिरन सिर्पाली | ,, ,, | |
| १८. | शसीराम परियार | ,, ,, | |
| १९. | पबित्रा कामी | ,, ,, | |
| २०. | जानकी केसी खड्का | ,, ,, | |
| २१. | कमला बुढा पुन | ,, ,, | |
| २२. | चम्फा परियार | ,, ,, | |
| २३. | मिना बिक | ,, ,, | |
| २४. | यामकुमारी नेपाली | ,, ,, | |
| २५. | माधव प्रसाद शर्मा | सचिब | |

आमन्त्रित

१- ललित बहादुर बुढा मगर - कानुन अधिकृत
२- यज्ञ ब० खड्का - प्रा०स० - कृषि इकाई
३- यमा के०सी० - ना०सु - प्रशासन शाखा
४- धन कुमार शाही - कु.अ. - मु.न.पा.
५- नरेन्द्र बिष्ट - लेखा अधिकृत
६- नरविर खड्का - शाखा अधिकृत
७- प्रेम बहादुर खड्का - ले०पा० (आ.ले.प.)

निर्णय नं १

प्राङ्गारिक कृषि मिशन कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७५ अनुसार प्राङ्गारिक कृषि प्रणालीलाई प्रवर्द्धन गर्न चालु आ.व. मा सम्भाग- १ अन्तर्गत वडा नं. १ को छिंग तथा कैलदेउ र वडा नं. ८ को लसुनबारी तथा घोरखानी क्षेत्र र सम्भाग २ अन्तर्गत वडा नं. ३ को माछिमी र वडा नं. ४ को सोलाबांग क्षेत्र छनौट गर्ने निर्णय गरियो ।

निर्णय नं २

प्रधानमन्त्री रोजागर कार्यक्रम अन्तर्गत प्रत्येक वडामा तोकिएको ढाँचामा संकलन भएका बेरोजगार व्यक्तिहरुको विवरण बुझाउन बाँकी वडाहरुले २०७६ बैशाख ९ गते भित्र नगरपालिकामा बुझाउने । उक्त तथ्यांक संकलन गर्न प्रत्येक वडालाई ५०००/- का दरले रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ३

यस चालु आर्थिक वर्षको आवको चौथो नगर सभा आबस्यक तयारी पुरा गरि मिति २०७६ बैशाख १६ मा सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णय नं ४

जिल्ला समन्वय समिति रुकुम पश्चिमको आयोजनामा २०७५ चैत २४ देखि २६ मा सम्पन्न बृहत संस्कृतिक सम्मेलनमा सहभागी हुँदा लागेको खर्च तपशिलका वडाहरुलाई प्राप्त बिलका आधारमा उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.स | वडा नं. | रकम |
|---|---|---|
| १. | १ | रु. ४५०० |
| २. | २ | रु. ८००० |
| ३. | ४ | रु. ५००० |
| ४. | ५ | रु. ५००० |
| ५. | ६ | रु. ७००० |
| ६. | ७ | रु. ५००० |
| ७. | ९ | रु. ३००० |
| ८. | १० | रु. ३१७४० |

निर्णय नं ५

मुसिकोट नगरपालिका गत आ.व. को मौज्दात वडा कर्मचारी रा.प. अनं द्वितीय पारिश्रामिक शिर्षकमा विनियोजित रु [illegible]३०००| बाट निम्न शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।

- सूचना प्रकाशन रेडियो कार्यक्रम रु ८,८३,०००
- नगर प्रहरीको तलब रु २०,००,०००

निर्णय नं ६

तरकारी संकलन केन्द्र भवन निर्माण गर्न बजेट प्राप्त भयकोले उक्त भवन मुनपा ५ मा अवस्थित जनकपुर चुरोट कारखाना लिमिटेडको नाममा रहेको कित्ता नं ११२८ क्षेत्रफल १५१० वर्गमिटर भएको जगगामा स्थानीय श्रम

सरकारी / सहकारी / उपभोक्ता समिति / टोलविकास संस्था सँग सम्झौता गरि तत्काल काम सुरु गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं ७

गत आ.ब.मा प्रत्येक वडाबाट छनौट गरिएका ५ जनालाई स्वास्थ्य बिमा नबिकरण गर्ने तथा चालु आ.ब.मा. प्रत्येक वडाको सिफारिसको आधारमा थप ५ जनाका दरले बिपन्न परिवालाइ स्वास्थ्य बिमा सुबिधा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ८

चालु आ.ब.मा अल्पसंख्यक,दलित,युवा,जेष्ठनागरिक,द्वन्द पिडित लगायतका लक्षित बर्गका लागि विनियोजित बजेटबाट सञ्चालन हुने कार्यक्रम छनौट गर्न नगरप्रमुख, उप-प्रमुख एवं बिषयगत संयोजकलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं ९

यस नगरपालिकाको वडा नं. १० चुनमा २०७५ पौष देखि संचालित स्वास्थ्य क्लिनिकलाई सहरी स्वास्थ्य क्लिनिकका लागि विनियोजित बजेट मध्येबाट खर्च लेख्न अनुदानको रुपमा वडा नं. १० को वडा स्तरीय स्वास्थ्य व्यवस्थापन समितिलाई प्रचलित कानून बमोजिम निकासा दिने निर्णय गरियो ।

निर्णय नं १०

सहकारी प्रवर्धन कार्यक्रमबाट संचालन गर्ने कार्यक्रमका सम्बन्धमा यथाशिघ्र नगरपालिकाभित्रका सहकारी संस्थाका प्रतिनिधिहरु आमन्त्रण गरी छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं ११

नगरबाट प्रवाह गर्ने सेवालाई समन्यायिक बनाउन सामजिक न्याय स्थापनामा सघाउ पुर्याउन, नगरबाट प्रबाह हुने सेवाको समुचित उपयोग गर्न, लक्षित बर्गलाई बिकासको मूल प्रवाहमा ल्याउन सघाउ पुर्याउन गरिब घरपरिवार पहिचान र स्तरिकरण गर्न गरिब घरपरिवार पहिचानको लागि सुचकहरु तयार गरि कार्यक्रम संचालन गर्ने । उक्त कार्यक्रमका सूचक तय गर्न सो सम्बन्धि अभिमुखीकरण गर्न एवंम् सूचकका आधारमा गरिब घरपरिवार पहिचान कार्यक्रम संचालन गर्ने । यो कार्यक्रम संचालन गर्न वडा नं ४ का वडा अध्क्षय निर्मल कुमार पुनको संयोजकत्वमा देहाय बमोजिम समिति गठन गर्ने ।

१ श्री निर्मल कुमार पुन - संयोजक

२ श्री सशिराम परियार - सदस्य

३ श्री चम्पा परियार - सदस्य

४ श्री दिनेश खड्का - सदस्य

५ श्री भिम बहादुर खड्का

६ श्री चित्र वहादुर पुन - सदस्य

७ ललित वहादुर बुढा - सदस्य सचिव

निर्णय नं १२

यस नगरपालिकाको नाममा मुनपा १ कालिकास्थानको वडा कार्यालय नजिकै घर /टहरो भाडामा दिने सोका लागि हालसम्म नगरपालिकाले लिई आएको भाडादर रु ८०००। अनुसार ३ महिनाको अग्रिम भाडा लिने शर्त सहितको भाडामा दिने सम्वन्धि सूचना प्रकाशन गर्ने । उक्त घरमा पानि, विजुली लगाएतको भौतिक सुविधा भए नभएको निरीक्षण गरि मर्मत सुधार एवं अन्य व्यवस्था मिलाउने निर्णय गरियो।

निर्णय नं १३

यस क्षेत्रभित्रका पर्यटकीय स्थलहरुको सूचीकरण गरि प्रथमिकता निर्धारण गरि पठाउन पर्यटन मंत्रालयबाट पत्राचार भएकोले सबै वडाले आ-आफ्नो वडाभित्र रहेका पर्यटकीय स्थलहरुको सुची तयार गरि प्राथामिकता क्रम तोकि २०७६ बैशाख ९ गते सम्म नगरपालिकामा पठाउने निर्णय गरियो ।

निर्णय नं १४

[illegible] दोभान खण्डमा उठाउने गरेको नदिजन्य पदार्थ उत्खनन् एबम् बिक्रि वितरणमा सहजीकरण गर्न रसिदका ठेली समेत दिई खटाईएका गोपाल सिङ के.सी. लाई पारिश्रमिक स्वरूप उठेको कुल राजश्वको १० % रकम उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं १५

चालु आर्थिक वर्ष भित्र वडा नं. ८ मा बिद्युत आपूर्ति गर्न पोलहरु गाडीएको तर च्यानलहरु जोड्न बाँकि रहेकोले सोका लागि आवश्यक सामाग्री खरिद गर्न रु. ५ लाख बिधुत टोकन प्रणाली शिर्षकमा विनियोजित रकमबाट रकमान्तर गरि उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं १६

नेपाल सरकार, प्रदेश सरकार तथा विभिन्न विषयगत कार्यालयहरुबाट बजेट विनियोजन भइ कार्यन्वयनका चरणमा रहेका आयोजनाहरुलाई प्रभावकारीरुपमा कार्यान्वियन गर्न सबै वडाले एकल वा संयुक्त रुपमा आबश्यक समन्वय तथा सहजिकारण गर्ने गराउने ब्यवस्था मिलाउने । त्यस्ता योजनाहरुको कार्य प्रगतिको जानकारी नगरपालिकामा नियमित रुपमा गराउने निर्णय गरियो |

निर्णय नं १७

वडा नं. ३, १०, ११ र १२ बाट माग भई आयका तपशिंल बमोजिमका बजेटहरुलाई देहायबमोजिम रकमान्तर गर्ने ।

वडा नं. ११ को जेष्ठ नागरिक सम्मानमा विनियोजित भएको रकम ५६ हजार र महिला क्षमता बिकासमा विनियोजित भएको रकम ५६ हजार लाइ बृहत संस्कृतिक महत्सोव/ सम्मेलनमा जम्मा १ लाख १२ हजार रकमान्तर गर्ने निर्णय गरियो

वित्तिय समानीकरण अनुदान प्रदेश सरकार अन्तर्गत नमुना अस्पताल छिबंग १३ मा विनियोजित रकम ५,६०,००० बाट निम्न अनुसार रकमान्तर गर्ने ; -

१ स्वास्थ्य प्रयोगशाला झुल्खेत कार्यालय सामान खरिद - ३ लाख

२ २४ घण्टा प्रसुती सेवा प्रबाहमा कार्यरत अ.न.मि. पारिश्रमिक - २६००००

क वडा न ३ को रकम बाडफाड ;

ठकुरा माथिगाउ खानेपानी माछिमी : १ लाख

बुन्किोट हे.पो. विकास समिति - १ लाख ४० हजार

नहर माछिमी जाने सिचाई नहर देखि चिरगाड सम्म तारजाली - ८४ हजार

[नपुग हुने ७६००० वजेट गत आ. वा. को मौज्दतावात विनियोजित सोलाबांग छेरा ट्रसपुल निर्माण को १ लाख ५० हजार वाट रकमान्तर गर्ने ]

ख वडा न १० को रकम बाडफाड ;

मालिका मा. बि चुनाको भवन निर्माणको लागि चालु आ. वा. मा विनियोजित रु ४००००० मध्ये तपशिल अनुसार रकमान्तर गर्ने ;

- विद्यालयको खानेपानी पाइप खरिद धारा निर्माण
- शौचालय निर्माण
- विद्यालय फर्निचर खरिद निर्मान र व्यबस्थापन

बुन्किोट नगरपालिका वडा नं. १० वाट कृषि दाना काट्ने मेसिन खरिद शिर्षकमा विनियोजित १ लाख रकम माटो परीक्षण मा रकमान्तर गर्ने

निर्णय न १८

नगर क्षेत्रभित्रका आफ्नो नाममा जग्गा भएका वडा न ६, ८, ११ र १२ मध्ये सम्भाव्यता अध्यानको आधारमा भवनहरुको निर्माणका लागि स्थलगत रुपमा जग्गाको भौगोलिक बनोट हेरी सम्भाव्यता आधरमा **DPR** गर्न आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय न १९

नगरपालिका बाट निर्माण भएका कानून अनुसार गठन हुन् बाँकी समितिहरुलाइ पूर्णता दिन आबश्यक तयारि गर्न नगर उप-प्रमुखलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय न २०

गत आवमा भएको कारोबारको अन्तिम लेखापरीक्षणको क्रममा औल्याएको बेरुजु फछर्योट गरि सम्परीक्षण गर्न नगरपालिकाका प्रशासन, आर्थिक प्रशासन, आन्तरिक लेखा परिक्षण लगाएतका सबै बिषयगत शाखाहरु, सबै वडा कार्यालयहरु र सरोकारवाला सबैले आ-आफ्नो तर्फबाट तदारुकताका साथ् सहयोग गर्ने निर्णय गरियो ।

निर्णय न २१

स्वीकृतका लागि पेश भएका निम्न कानुनहरूलाइ थप अध्ययन गरि आगामी कार्यपालिकाको बैठकबाट स्वीकृत गर्ने निर्णय गरियो ।

१ एम्बुलेन्स सेवा संचालन निर्देशिका २०७५

२ मुहान व्यवस्थापन तथा संचालन कार्यविधि २०७५

३ नदी तथा अन्य सार्वजनिक क्षेत्रको सरसफाई सम्वन्धी  कार्यविधि २०७५

४ मदिरा नियन्त्रण तथा व्यवस्थान सम्वन्धी विधेयक २०७५

५ नगरपालिकाको खर्चको मापदण्ड २०७५

निर्णय न २२

निम्न कार्यक्रमहरु संचालन गर्न  वित्तिय समानीकरण अनुदानको सिप विकास तथा जनचेतना तालिम गोष्ठी शिर्षकमा विनियोजित वजेटवाट देहाय बमोजिम रकम बाडफाड गरी खर्च लेख्ने निर्णय गरियो ।

क. योजना तर्जुमा सम्बन्धि तालिम रु ३ लाख २५ हजार ; सबै जनप्रतिनिधिहरु र योजना सम्वद्ध कर्मचारी

ख. महिला सशक्तीकरण    रु १ लाख २५ हजार ; निर्वाचित महिला एवं सरोकारवाला

ग. गरिव घर परिवार पहिचान सम्बन्धि कार्यक्रम -रु ५ लाख

घ स्यानिटरी प्याड सम्वन्धि तालिम - ३ लाख

ङ बजार अनुगमन एवं उपभोक्ता हित संरक्षण सम्बन्धी - १ लाख पच्चीस हजार

च संस्कृति सरक्षण सम्बन्धि कार्यक्रम - १ लाख

छ. घरेलु समितिलाई सीप परिक्षण कार्यक्रममा सहयोग - ३० हजार

ज. नगरपालिकाका कर्मचारी र वडा सचिवलाई योजना तर्जुमा सम्बन्धी तालिम १ लाख ५० हजार

निर्णय न २३

यस आवको बिभिन्न मितिमा विषयगत समितिका बैठकबाट भएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो  ।

निर्णय न २४

शिक्षा युवा खेलकुद शाखाले पेश गरेका प्रविधिमैत्री शिक्षाका लागि आवश्यक पर्ने सामाग्रीहरु खरिदका लागि प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

निर्णय न २५

शिक्षा युवा तथा खेलकुद शाखासंग संबन्धित निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो । र यस मुसिकोट नगरपालिका अन्तर्गतका सबै वडाहरुमा वडा कार्यालयको अगुवाइ र विद्यालयको सहभागितामा विद्यार्थी भर्ना अभियान संचालन गरी विद्यालय बाहिर रहेका सबै बालबालिकालाई नजिकका सामुदायिक विद्यालयमा भर्ना गर्नको लागि परिचालन गर्ने निर्णय गरियो ।

यस मुसिकोट नगरपालिका अन्तर्गत संचालित श्री भगवती आधारभूत विद्यालय कोट चौतारामा शैक्षिक सत्र २०७५ मा कुनै पनि विद्यार्थी भर्ना नभइ नगर शिक्षा समितिबाट विद्यालय समायोजन भई त्यहाँ कार्यरत शिक्षकलाई अन्यत्र काज सरुवा गरिएकोमा हाल उक्त विद्यालयमा कक्षा १ मा विद्यार्थी भर्ना भएको विवरण प्राप्त भएकोले उक्त विद्यालयमा कक्षा १ सम्म संचालनको लागि अनुमति दिई उक्त विद्यालयबाट अन्यत्र काज पठाइएको एक शिक्षक तत्कालै फिर्ता गर्ने ।

मुसिकोट नगरपालिका, नगर शिक्षा नियमावली २०७४ को नियम ३ र नियम १९ अनुसार विद्यालय खोल्ने तथा कक्षा थपको लागि पेश भएका फाइलहरुको सम्वन्धमा उक्त शिक्षा नियमावलीको नियम ५ क र नियम १९ को उपनियम २ अनुसार नगर शिक्षा समितिको सिफारिस सहित नगर कार्यपालिकामा प्राप्त भएकोले उक्त विद्यालयहरुका सम्बन्धमा तपसिल बमोजिम गर्ने ।

| सि.न | विद्यालयको नाम | माग गरेको | | विद्यालयको प्रकार | निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|
| | | तह | कक्षा | | |
| १ | समता स्कूल मुनपा १ | आधारभूत | १ | शैक्षिक गुठी | मुसिकोट नगर पालिका नगर शिक्षा नियमावली २०७४ को नियम ५ को उपनियम २ ९१० बमोजिम आवश्यक निर्णयका लागि नगर सभामा सिफारिस गर्ने |
| २ | सरस्वती आधारभूत विद्यालय तिर्सिङ्ग मुनपा ८ | आधारभूत | ६ | सामुदायिक | पूर्वाधार पूरा गरेको देखिएकोले नगर शिक्षा नियमावलीको नियम १९ को उपनियम २ ९१० अनुसार शैक्षिक सत्र २०७६ देखि कक्षा ६ संचालनको लागि अनुमति दिने |
| ३ | सिस्ने एकेडेमी प्रालि मुनपा ४ | माध्यमिक | १० | संस्थागत | शैक्षिक सत्र २०७५ मा कक्षा ९ अनुमति लिइ **SEE** को लागि रजिष्ट्रेशन भरिसकेको हुंदा नगर शिक्षा नियमावली २०७४ को नियम १९ अनुसार शैक्षिक सत्र २०७६ देखि कक्षा १० थपको लागि अनुमति दिने |

निर्णय न २६

मुसिकोट नगरपालिका गत आवको मौजात घटना दर्ता पोषण खर्च वा विनियोजित रु ५०००००/ बाट रु १०००/ बहुक्षेत्रीय पोषण म्यचिंग फण्डबाट रकमान्तर गर्ने निर्णय गरियो |